आज मिति २०७९ साल चैत्र २७ गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाको अध्यक्षतामा लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवाला निकायहरुवीच समन्वय बैठक निम्न महानुभावहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णय गरियोः-

**उपस्थिति**

१. श्री अनिता निरौला, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

२. श्री अनोज कुमार घिमिरे, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

३. श्री होम बहादुर पराजुली, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय ।

४. श्री मुरारी अधिकारी, सशस्त्र प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म, रामेछाप ।

५. श्री निर्मल पौडेल, प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रामेछाप ।

६. श्री नन्द प्रसाद वली, सेनानी, नयाँ गोरख गण, रामेछाप ।

७. श्री लक्ष्मण भुजेल, नायव सुब्बा, जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

८. श्री रत्न प्रसाद कडेल, अध्यक्ष, गैर सरकारी संस्था महासंघ, रामेछाप ।

९. श्री मिलन कुमार घिसिङ, नागरिक समाज, रामेछाप ।

१०. श्री नवराज पथिक, नागरिक निगरानी समूह, रामेछाप ।

११. श्री पाण्डव प्रसाई, मनोपरामर्शकर्ता रामेछाप ।

१२. श्री ज्ञानु श्रेष्ठ, प्रतिनिधि, पत्रकार महासंघ, रामेछाप ।

१३. सुदिप कार्की, प्रतिनिधि, रामेछाप नगरपालिका, रामेछाप ।

१४. श्री कृष्ण दाश श्रेष्ठ, प्रतिनिधि, मन्थली नगरपालिका, रामेछाप ।

१५. श्री उत्तम ढुङ्गाना, सामुदायिक विकास समाज, रामेछाप ।

१६. श्री सुमन बोहोरा, सामुदायिक विकास समाज, रामेछाप ।

१७. श्री विन्दा कोईराला, लघुउद्यम विकास, रामेछाप ।

१८. श्री प्रेम पुवर, सामुदायिक बन महासंघ, रामेछाप ।

१९. श्री राजेश दाहाल, सामुदायिक बन महासंघ, रामेछाप ।

निर्णयहरु:

१. एकिकृत रणनीतिक सुरक्षा योजना, २०७९ को क्षेत्रगत कार्ययोजना अन्तर्गत लागुऔषध तथा मदिराजन्य पदार्थ नियन्त्रण सम्बन्धी कार्य योजनामा भएका व्यवस्था कार्यान्वयन तथा जिल्लामा लागु औषध नियन्त्रणका लागि भए गरेका कार्यहरुको विश्लेषणात्मक समीक्षा गरियो ।

२. सुरक्षा निकाय, नागरिक समाज सरोकारवाला संघसंस्था, स्थानीय संचार माध्यम लगायतले एक आपसमा समन्वय गरी लागुऔषध प्रयोगकर्ता र ओसारपसार गर्ने व्यक्ति तथा समूहको सुक्ष्म निगरानी राखी सम्बन्धित निकायमा सूचना आदान प्रदान गर्ने ।

३. लागु औषध दुर्व्यसनलाई नियन्त्रण गर्न स्थानीय तह संघ/संस्था, स्थानीय संचार माध्यमहरुले सचेतनामुलक सूचना प्रशारण गर्ने ।

४. लागुऔषध निकासी तथा पैठारी हुने जिल्ला प्रवेशका नाकाहरुमा जिल्ला प्रहरी कार्यालय मार्फत सुक्ष्म निगरानी बढाउने ।

५. जिल्लाका सामुदायिक तथा निजी विद्यालयमा भएका बालक्लबहरुलाई सम्बन्धित स्थानीय तह मार्फत विद्यालयलाई सचेतना कार्यक्रम संचालन गर्न अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप